# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

विकास कार्यक्रकहरुमा सहभागी हुन प्रश्ताव आव्हानको सूचना

सूचना नं.०५ -२०८०/०८१ (कृषि विकास)

प्रथम पटक प्रकाशित मिति-२०८०/०५२४

भरतपुर महानगर पालीका आर्थिक विकास महाशाखा,कृषि तथा पशुपंछी व्यावसाय प्रबर्धन शाखाको आ.ब. ०८०/०८१ को बार्षिक नगर विकास योजनाको स्वीकृत कार्यक्रम अनुसार कृषि कार्यक्रममा सहभागी हुन भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह, कृषि सहकारी,कृषि फर्म,कृषि कम्पनी ) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति ०८०/०६ / ०८ सम्म ) माग निवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्ताबहरुलाई मूल्यांकन प्रकृयामा समाबेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | विनियोजित रकम रु | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक खेती गर्ने कृषकहरुलाई प्राङ्गारिक मलमा सहयोग | १ | १० लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम |
| २ | मागमा आधारित पुष्प खेति प्रवर्धन कार्यक्रम | १ | १० लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम |
| ३ | मौरी धार तथा उपकरण वितरण | १ | ५ लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम |
| ४ | खाध्यान्न तथा अन्य ढुवानी खरिदमा (५०% लागत साझेदारीमा) | १ | ४० लाख | कृषक समुह/कृषि सहकारी/ कृषि फर्म/ कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ (पहिलो संसोधन २०७८) बमोजिम |

### आवस्यक कागजात तथा सर्तहरु

१.समुह / सहकारीको निर्णय सहित माग निवेदन ।

२.सम्बन्धित संस्थाको दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं.रकरचुक्ताको प्रतिलिपी ।

३.कम्पनी, समुह, सहकारीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे बैठकको प्रतिलिपी ।

४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त / जिम्मेवार ब्याक्तीको नागरिकताको प्रतिलिपी तथा अख्तियारी पत्र ।

५.सम्बन्धित वडा कार्यलय/कृषि सेवाकेन्द्रको कार्यक्रममा सहभागिताको लागी सिफारिस पत्र ।

६.कार्यक्रम संचालन गरिने जमिनको लालपुर्जाको फोटोकपि/ लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष वा सम्वन्धित कार्यक्रमको कार्यविधिले तोके बमोजिमको करारनामाको प्रतिलिपि ।

७. कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।

नोट –कार्यक्रम सम्बन्धी थप जानकारीका लागी भरतपुर महानगरपालीकाको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्धन शाखाको फोन नं. ०५६-४९३४३७ वा फोन नं.९८६०५७३२९१ वा ९८४५३५५९७६ मा सम्पर्क गर्न सकिने छ । कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि बमोजीम नै कार्यक्रम संचालन हुनेछ । प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।

महाशाखा प्रमुख